## निर्णय नं. ४

यसमा प्रस्ताव नं. ४ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा दार्चुलाले गरेका अहिले सम्मका सम्पूर्ण निर्णयहरु गाउँसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो। र ब्याँस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सुन्सेराको कार्यपालिका बैठकबाट छुती सिलिंग पत्थार खा.पा. मर्मतका लागी ३००,००० हजार विनियोजित भएको हुदा उक्त मर्मत कार्य निर्माण असम्भव भएको हुदा उक्त विनियोजित रकम विविध कोषमा रकमान्तर गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं. ५

(१) यसमा प्रस्ताव नं. ५ माथी आवश्यक छलफल गर्दा स्थानिय सरकार सञ्चालन ऐन आईसकेको भएतापनी सोमा भएका विभिन्न सरोकारवाला विषयहरुमा कानून निर्माण गरी ऐनको व्यवस्थालाई कार्यान्वयन गर्न विभिन्न स्थानिय कानून बनाउनु पर्ने र सो सम्बन्धमा संघिय कानून र प्रदेश कानून पनी सबै विषयमा बन्न नसकेको वर्तमान परिवेसमा स्थानिय सरकार सञ्चालन गर्नका लागी तत्काल प्रचलनमा रहेका कानून विपरित नहुने गरी कार्यपालिकाले निर्णय गरी सो निर्णयहरुलाई स्थानिय कानून सरह मान्यता दिई अगाडी बढाउनको लागी गाउँकार्यपालिका लाई अख्तियारी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

(२) यस ब्याँस गाउँपालिका भौगोलिक रुपमा अधिकांश भू-भाग छिमेकी मुलक भारत र केही भू-भाग चिनको सिमानासंग जोडिएको हुदा यहाका अधिकांश जनताहरुको सामाजिक सांस्कृतिक एवं धार्मिक सम्बन्ध भारत तर्फ पनी रहेको हुदा निर्ने छेउका छिमेकी बासिन्दाहरु बिच आपसी सम्बन्ध सुदृढ बनाई यस क्षेत्रको विकास समेतमा टेवा पुर्याउनका लागी र गाउँपालिका भित्रका अति विकट क्षेत्रका बासिन्दाहरुको सहजताका लागी प्रचलित नेपाल कानून र नेपाल सरकारको परराष्ट्र निति विपरित नहुने गरी यस क्षेत्रको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय गौरबमा आन्च नआउने गरी नागरिकहरु बिच वैमनस्यता पैदा नहुने गरी छिमेकी मुलक संगको सम्बन्ध समधुर बनाउनका लागी गाउँपालिकाको तर्फबाट आवश्यक कदम चाल्न सक्ने अख्तियारी कार्यपालिकालाई दिने निर्णय सर्वसम्मत बाट पारित ग